

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक २३ गते शुक्रबार ❑ 8 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरा विमानस्थलमा आठौँ पटक अन्तर्राष्ट्रिय उडान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको छ।

पोखरा विमानस्थल उद्घाटन भएको दुई वर्षको अवधिमा सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको हो । योसहित पोखरा अन्तर र्षिष्ट्रिय विमानस्थल उद्घाटनपछि हालसम्म आठौँ पटक अन्तर र्षिष्ट्रिय उडान भएको छ।



पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी जसोदा सुवेदीका अनुसार सिचुवान एयरलाइन्सको एयरबस ३१९ विमान एक सय २० यात्रुसहित बिहीबार दिउँसो २ बजे पोखरा अवतरण गरेर ३ बजेर ४० मिनेटमा चीनको कुनमिङ उडेको थियो । यद्यपि, यो विमानस्थलमा विभिन्न चार्टर्ड उडान भएपनि अहिलेसम्म व्यावसायिक नियमित उडान हुनसकेको छैन । पोखरा अन्तर र्षिष्ट्रिय विमानस्थलको २०७९ पुस १७ गते उद्घाटन गरिएको थियो । विसं २०८० असार ६ गते सिचुवान एयरलाइन्सले पोखरामा पहिलो चार्टर्ड उडान गरेको थियो। उक्त एयरलाइन्सले १७ महिनापछि बिहीबार दोस्रो उडान भरेको हो । खेलकुदका माध्यमबाट नेपाल र छिमेकी मुलुक चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले पर्यटकीय राजधानी पोखरामा यही कात्तिक २४ गतेदेखि हुन लागेको तेस्रो संस्करणको पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगितामा सहभागी हुन आउने चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र अन्य व्यक्ति चार्टर्ड उडानमार्फत पोखरा आएका हुन् । 'साझा समृद्धिका लागि दौड'को नारासहित हुने प्रतियोगितामा नेपाल र छिमेकी मुलुक चीनका खेलाडीले प्रतिस्पर्धा जनाउने छन् ।

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका दौडको आयोजक रहेका छन् । हिमालयन टुरिज्जम फोरमले कार्यान्वयन गर्ने उक्त प्रतियोगिता यही कात्तिक २५ गतेसम्म सञ्चालन हुनेछ । नेपालस्थित चिनियाँ दूतावास, चीनको युनान प्रान्तीय खेलकुद ब्युरो, युनान प्रान्तीय सरकारको विदेश मामिला कार्यालय, सिल्क रोड सिटिज एलायन्सजस्ता संस्थाहरुले प्रतियोगितालाई सघाउने बताइएको छ । प्रतियोगिताका लागि चिनियाँ खेलाडी आज चीनको कुनमिङबाट पोखरासम्म अन्तर्राष्ट्रिय विमानस्थलमा चार्टर उडानबाट आएको प्रतियोगिताको आयोजक हिमालय टुरिजम फोरमले जनाएको छ।

## पोखरा एभेन्जरर्सको पोखरामा ¥याली प्रर्दशन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक



पोखरा एभेन्जर्सले पोखरामा ¥याली प्रर्दशन गरेको छ। नेपाल प्रिमियर लिगमा पोखरेलीहरुको साथ र सहयोगको अपेक्षा सहित अग्रिम रुपमा पोखरामा विहीबार ¥याली प्रर्दशन गरिएको हो।

दक्षिण अफ्रिकाका चर्चीत (लेजेन्ड) खेलाडी एवं पोखरा एभेन्जर्स टिमका सल्लाहकार परामर्शदाता जोन्टी रोड्स सहित सहभागी र्‍यालीमा पोखरेली क्रिकेट प्रेमीहरुहरुको सहभागिता रहेको थियो । नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सका अध्यक्ष सुवोध त्रिपाठीले पोखरामा आयोजना भएको र्‍यालीले आफुहरुलाई हौसला मिलेको बताउनु भयो। पोखरेलीले घर घरबाट र चोकचोकबाट आफ्नो टिमलाई समर्थन हुदै अग्रिम विजयीको शुभकामना समेत दिएको उहाँले बताउनु भयो।

राष्ट्रिय झण्डा र पोखरा एभेन्जर्स लोगो अंकित झण्डाका साथ पोखराको फिस्टेल गेटबाट सुरू भएको ¥याली लेकसाइडक, हल्लनचोक, जरेबर, जिरो किमि, सभागृह चोक, न्यूरोड, विपी चोक, महेन्द्रपुल,, रानिपौवा, हस्पिटल चोक, अमर सिंह चोक, पृथ्वीचोक, पोखरा एयरपोर्ट, मुस्ताङचोक, राष्ट्रबैंक चोक हुँदै पुनः फिस्टेल गेटमा पुगेर सम्पन्न भएको थियो । यसैबिच, विहिबारफिस्टेललजमाआयोजित पत्रकार भेटघाट कार्यक्रममा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## फेवाफाँटको जेठोबुढोमा गभारो: भित्राउने बेला धान न पराल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक



जेठोबुढो धानको पकेट क्षेत्रका रुपमा परिचित पोखराको फेवाफाँटका किसान बालीमा गभारो लागेकाले चिन्तित छन् । बालामा अन्न लागेको छैन। पराल पनि पशुले नखानेगरी बिग्रिएको छ।

गभारोका कारण यहाँको एक हजार रोपनी क्षेत्रफलमा लगाएको जेठोबुढो खेर गएको तथा अरोगका कारण पराल पनि उपयोग नहुने स्थानीय किसान देविललाल लामिछानेले दुखेसो गर्नुभयो । गभारोले यस अघि बाली सखाप नपारेको अनुभव उहाँले सुनाउनुभयो । रोगबारे आफूहरू अनभिज्ञ रहेको पीडत किसानले बताएका छन् । यसैबीच, पोखरा महानगरपालिका कृषि महाशाखाको एक टोलीले फेवाफाँट पुगेर बाली निरीक्षण गरेको छ। "फेवाफाँटमा गभारोको प्रकोप रहेछ ।समयमा नै जानकारी पाएको भए क्षति घटाउन सकिन्थ्यो अब ढिलो भइसकेछ," महाशाखा प्रमुख मनोहर कडरियाले भन्नुभयो । साथै उहाँले पीडित किसानलाई कृषि सम्बद्ध संस्थाहरूबाट सहयोग हुनुपर्नेमा जोड दिनुभयो।

## पोखराका ४ ठाँउमा छठ पर्व मनाउन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

पोखरामा यस बर्षको छठ पर्व बिषेश गरी ४ ठाँउमा धुमधामका साथ मनाउन सुरु भएको छ।

बिषेश गरी तराई मधेषका समुदायलाई पोखराका विभिन्न स्थानमा छठ पर्व मनाउन सहज होस भन्ने उद्धेश्यले यस बर्ष पोखराका ४ ठाँउमा हर्ष र उल्लाहासका साथ मनाउन सुरु भएको हो। पोखरामा आज भन्दा करिब २५ बर्ष अघि सुरु भएको पोखरा नदीपुरको नारायणथान मन्दिर परिसरबाट बिस्तार हुदै ४ ठाँउसम्म व्यबस्थित र झकिझकाउका साथ छठ पर्व मनाउन थालिएको विभिन्न छठ पूजा समितिले जनाएका छन्।



पोखरा लेकसाइड स्थित बैदामको केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनार), रिठ्ठाघाँट त्रिवेणी धाम (कालिखोला) सेतिनदी किनार र कमल पोखरी(भन्द्रकालि मन्दिर भन्दा तलको परिसर) मा छठ पुजा धुमधामका साथ मनाउन केही दिन देखि सरसफाई सहित झिलिमिलि बक्तिले झकिझकाउ बनाइएको नारायणथान मन्दिर स्थित छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताले बताउनु भयो । अस्ताउदो सुर्यलाइ अर्घ दिएका सुर्यका भक्तहरुले शुक्रबारबिहान उदाउदो सुर्यलाई अर्घ दिने भएको उहाँले जनाउनु भयो। छठ पूजा स्थालको मुख्य गेटमा फुलले सजसिजावट सहित झिलिमिलि बक्ति जडान देखि सुर्यका भत्तहरुको लागि बस्नको लागि टेण्टको समेत व्यबस्था गरिएको छ। सुर्यका भक्तहरुलाई छठ पर्वको अवसरमा पोखरामै सहज ढंगबाट पुजा गर्ने वातावरण सृजना गर्न पोखराका मुख्य चार ठाउँमा छठ पूजा समितिले सरसफाई देखि आन्तरिक व्यबस्थापनमा जुटेको हो। नेपाल भारत व्यवसायी संघ (एन.बी.) छठ पूजा समितिको आयोजनामा हुने पूजालाई व्यवस्थित बनाउन केही दिन देखि केदारेश्वर क्षेत्रमा लागेको समितिका अध्यक्ष विश्राम कुशवाहाले बताउनु भयो। कार्तिक २२ गते अपरान्ह साढे ३ बजेदेखि साँझ ७ बजेसम्म र २३ गते बिहान साढे ३ बजेदेखि बिहान ७ बजेसम्म छठपूजा हुने उहाँले बताउनु भयो।

काम बिशेषले तथा पेशा व्यावसायीको कारण तराई मधेष क्षेत्रका समुदायले मनाउने छठ पर्व पोखरामा विभिन्न स्थानमा धुमधामका साथ मनाउन थाले पछि अधिकांश छठका भक्तहरुले पोखरामा मनाउदै आएको एन.बी. व्यवसायी संघ कास्कीका पूर्व अध्यक्ष भुनेस कुमारले बताउनु भयो। पोखरामा व्यबस्थित ढंगले उक्त पर्व मनाउन थालेसंगै आफुहरुलाई यहाँ यो पर्व मनाउन सहज भएको उहाँले जनाउनु भयो । सूर्यका भक्तले बुधबार पञ्चमीमा दिनभर व्रत बस्ने (खड्ना) र राति पुजा गर्नु भयो। छठका भक्तहरुले केराको खम्मा, उखु, अदुवा, भोगटे, सुन्तला लगायतका फलफुलका वोटहरु सजावट गर्नु भएको छ। सुर्यलाई भगवानको प्रतिको रुपमा पुजा गर्ने भक्तहरुले आफ्नो मनोकाक्षा पुरा हुने धार्मिक विश्वासका साथ पूजा गर्ने गरेको भद्रकालि छठ पूजा समितिका अध्यक्ष तारानन्द शर्माले बताउनु भयो । यस बर्ष कमल पोखरी क्षेत्रमा अघिल्ला बर्षको तुलनामा उल्लेखनिय रुपमा सुर्यका भक्तहरुको सहभागिता रहेको सदस्य महेन्द्रप्रसाद शर्माले बताउनु भयो।

## छठका माध्यमबाट एकताको सन्देश प्रवाह हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले छठपर्व प्राकृतिक ऊर्जा र भक्तिभावको संयोग झल्काउने राष्ट्रिय चाड भएको बताउनुभएको छ।

छठका अवसरमा बिहीबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले यो पर्वका माध्यमबाट देशको धर्म, संस्कृति र परम्पराको लाई प्रवर्द्धन बल पुगेको उल्लेख गर्नुभएको छ । "छठ पर्वले आपसी सद्भाव, र एकताको सन्देश फैलाएको छ", सन्देशमा उहाँले भन्नुभएको छ । सूर्य र छठी माताको पूजा यो पर्वको विशेषता हो । विधिपूर्वक व्रत सम्पन्न गरेमा वान्छित. फल प्राप्त हुने, परिवारको कल्याणका साथै मानव जीवनका सबै दुःखकष्ट हट्ने जनविश्वास छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्व. नरहरि देवकोटा स्मृति समाजसेवा पुरस्कार पोखराको मानव सेवा आश्रमलाई प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक



यस वर्षको स्व. नरहरि देवकोटा स्मृति समाजसेवा पुरस्कार पोखराको मानव सेवा आश्रमलाई प्रदान गरिएको छ।

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, वाटुलेचौरले संचालन गरेको सो पुरस्कार प्रत्येक २/२ वर्षमा मानव सेवाको क्षेत्रमा उल्लेखनिय योगदान पुर्याएका संस्था तथा व्यक्तिलाई प्रदान गरिन्छ।सो पुरस्कार यस वर्ष पोखराको मानव सेवा आश्रमलाई प्रदान गरिएको क्लवले जनाएको छ। विहीवार पोखरामा क्लवले आयोजना गरेको २८ औं स्थापना दिवसको मुल समारोह,शुभकामना आदान प्रदान तथा रक्तदान कार्यक्रमका अवसरमा नगद १५ हजार, सम्मानपत्रले आश्रमलाई सम्मान गरिएको हो।कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विर्खची, संस्थापक यादवचन्द्र देवकोटा,पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठ,ताराप्रसाद तिमिल्सीना,सल्लाहकार खिमलाल अधिकारी र पुर्व सांसद कृष्ण थापाले आश्रमका पोखरा शाखा प्रमुख सदिश पुनलाई अर्पण गर्नुभयो। सो पुरस्कार यसअघि उद्योगपति गणेश वहादुर श्रेष्ठ, तेज वहादुर गुरुङ, लायन स्व. गोविन्द वहादुर केसी, अग्रज भलिवल खेलाडी स्व. उदय वहादुर वस्नेत, सिद्धार्थ क्लव र नव आर्दश सामुदायिक विकास संस्थालाई प्रदान गरिएको थियो।सोही अवसरमा पवित्र प्रेमनारायण शैक्षिक पुरस्कार वडा नं. १६ भित्रका सरकारी विद्यालयवाट कक्षा १२ को परिक्षामा उत्कृष्ट जिपिए ल्याउने बिन्ध्यवासिनी माविका छात्रा श्रेया आचार्य र छात्र आशिष पोखरेललाई जनही ५ हजार र प्रमाणपत्रले सम्मान गरियो।सो पुरस्कार संस्थापक गणेशवहादुर थापा र विन्ध्यवासिनी माविका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले हस्तान्तरण गर्नुभयो। हिमालय क्लवले स्थापना गरेको एकल महिला सहयोग बाटुलेचौरका विबा नेपाली र अर्मलाका तिला विकलाई जनही ५ हजार प्रदान गरिएको क्लवका सुचना अधिकारी शिवराज देवकोटाले जानकारी दिनुभयो। त्यस्तै नगद ५ हजार राशीको स्वर्गीय सावित्री लिलाधर उत्कृष्ट कृषक पुरस्कार यस वर्ष चमेरी गुफा कृषक समुहलाई प्रदान गरिएको छ।समुहलाई संस्थापक कृष्णप्रसाद अधिकारी, प्रभा कोईराला,सल्लाहकार राजेन्द्र वहादुर देवकोटा, पुर्व अध्यक्ष ताराप्रसाद तिमिल्सीना र संयोजक प्रकाश थापाले नगद ५ हजार सहित प्रमाणपत्र प्रदान गर्नुभयो।कार्यक्रममा वोल्दै गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विर्खचीले मानविय सेवाले नै मानव सभ्यताको पहिचान हुने वताउँदै, क्लवले गरेको कार्य प्रशंसनिय रहेको वताउँनुभयो। कार्यक्रम संयोजक प्रकाश थापाको अध्यक्षतामा भएको कार्यक्रममा मानव सेवा आश्रम पोखरा शाखाका प्रमुख सदिश पुनले मानव सेवाको क्षेत्रमा आफ्नो संस्था सदैव लागिरहने वताउदै, यस्ता सम्मानले थप उर्जा थपिएको वताउनुभयो।

क्लवका अध्यक्ष मोहन वहादुर थापाले स्वागत गर्नुभएको कार्यक्रमको संचालन सचिव तुलवहादुर वस्नेतले गर्नुभएको थियो।कार्यक्रममा क्षेत्री समाज पोखरा १६ का एन्जिला थापा र अपिशा थापाले नृत्य, रेशम वस्नेतको गायन, राष्ट्रिय परोपकार महासंघले भजन चुड्का, हिमालय योग साधना केन्द्रले योग प्रस्तुती प्रर्दशन गरेका थिए।

यसैविच क्लवले आयोजना गरेको २७ औं रक्तदान कार्यक्रममा १ सय २ युनिट रगत संकलन भएको छ। पहिलो रक्तदाता सावित्री तिमिल्सीनालाई रक्त संचार केन्द्रका अर्जुन ज्ञवालीले व्लड व्याग हस्तान्तरण गरी शुरुभएको थियो। करिव ३ घण्टासम्म भएको कार्यक्रममा अधिकाँश नयाँ रक्तदाताले सहभागिता जनाएका थिए।




पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ खेलाडीः
पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्ड र हिमालयन टुरिजम फोरम पोखराको संयुक्त आयोजनामा यही कात्तिक २४ गते हुन लागेको तेस्रो पोखरा अन्तर्राष्ट्रिय क्रस कन्ट्री दौड प्रतियोगितामा सहभागी हुन चीनको कुनमिङबाट विमान चाटर्ड गरी आएका चिनियाँ खेलाडी पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा। तस्बिरः राधिका कंडेल/रासस

# पोखरामा शनिबार अन्तर्राष्ट्रिय क्रस कन्ट्री दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक



पोखरामा शनिबार अर्न्तराष्ट्रिय स्तरको 'क्रस कन्ट्री दौड' प्रतियोगिता हुने भएको छ।

हिमालयन टुरिजम फोरमको आयोजनामा हुने सो प्रतियोगिता तेश्रो संस्करण हो। यसअघि दुई संस्करण सम्पन्न भइसकेको यो प्रतियोगिता अन्तर्गत चार विधामा प्रतिष्पर्धा हुने आयोजक हिमालयन टुरिजम फोरमले विहीबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो। प्रतियोगिता अन्तर्गत खुल्ला समूहगत दौड, महिला तथा पुरुष च्यालेन्ज ईण्डिभिजुअल दौड, छात्र/छात्रा विद्यार्थी दौड र ह्याप्पी रन समूह गरी चार स्पर्धामा प्रतिष्पर्धा हुने आयोजकले जनाएको छ। ५० किलोमिटर दुरीको समूहगत दौड पोखराको लेकसाईडस्थित वाराही घाटबाट शुरु भई २ हजार २ सय ५८ मिटर उचाईसम्मको रहनेछ। सो स्पर्धामा खेलाडीहरुले ट्रेल रनिङ, साईक्लिङ र रोईङ गर्नुपर्नेछ। जसमा १७ वटा नेपाली र ४ वटा चीनिया टिमले सहभागिताका लागि नाम दर्ता गरेको आयोजक हिमालयन टुरिजम फोरमका अध्यक्ष विश्वशंकर पालिखेले जानकारी दिए। च्यालेन्ज ईण्डिभिजुअल दौडपनि ५० किलोमिटरकै हुने अध्यक्ष पालिखेले बताए। वाराही घाटबाटै शुरु हुने यस स्पर्धामा खेलाडीले २ हजार ३ सय ६६ मिटरको उचाईसम्मको दुरी पार गर्नुपर्नेछ। जसमा १ सय जना नेपाली र ५२ जना चिनिया गरी कुल १ सय ५२ जना खेलाडीले प्रतिष्पर्धा गर्ने उनले जानकारी दिए। कक्षा ८ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाउन पाउने विद्यार्थी दौड प्रतियोगिता ५ किलोमिटरको हुने जनाइएको छ। सो स्पर्धामा कुल ५ सय जना विद्यार्थीले नाम दर्ता गराइसकेको अध्यक्ष पालिखेले जानकारी दिए। प्रतियोगिताको आकर्षणका रुपमा ह्याप्पी रन दौड हुनेछ। प्रतियोगितालाई रमणीय र आकर्षक बनाउने उद्देश्यले राखिएको सो स्पर्धा २ किलोमिटरको हुनेछ। जसमा प्रमुख अतिथि, विशिष्ट अतिथिसहित ५ सय ७९ जनाले सहभागिता जनाउने उनले बताए। प्रतियोगिताको समूहगत बिजेताले चार लाख ५८ हजार ४ सय रुपैयाँ, उपविजेताले तीन लाख ४३ हजार ८ सय रुपैयाँ, तृतीय हुनेले २ लाख २९ हजार २ सय रुपैयाँ, चौथो हुनेलाई १ लाख ५२ हजार ८ सय रुपैयाँ र पाचौं हुनेलाई ९५ हजार ५ सय रुपैयाँसहित मेडल र प्रमाण पत्र प्राप्त गर्ने जनाइएको छ। त्यस्तै, च्यालेन्ज ईण्डिभिजुअल दौडतर्फको पुरुष तथा महिला दुबै तर्फको बिजेताले १ लाख ५२ हजार ८ सय, उपबिजेता दुबै तर्फकाले १ लाख १४ हजार ६ सय, तृतीय हुने दुबै तर्फकाले ७६ हजार ४ सय, चौथोदेखि सातौंसम्म हुने दुबै तर्फका प्रत्येकलाई ३८ हजार २ सय र आठौंदेखि दशौं स्थानसम्मका दुबै तर्फकालाई जनही १९ हजार २ सय रुपैयाँ प्रदान गरिने पालिखेले जानकारी दिए। विद्यार्थी तर्फ छात्र तथा छात्रातर्फका बिजेताले समान ३० हजार रुपैयाँ, उपबिजेता बनेका दुबै तर्फकाले २५ हजार रुपैयाँ, तृतीय स्थान प्राप्त गर्ने दुबै तर्फकाले २० हजार तथा चौथोदेखि छैटौं स्थानसम्म प्राप्त गर्ने सबैलाई जनही १० हजार रुपैयाँ प्रदान गरिने उनले बताए। ह्याप्पी रन दौड प्रतियोगिताका सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिने उनले जानकारी दिए। पत्रकार सम्मेलनमा बोल्दै नेपाल पर्यटन वोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मत सिंह ऐरले प्रतियोगिता नेपाल-भारत सम्बन्धमा कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे। उनले भने,'यस्ता प्रतियोगिताले स्पोर्टस् टुरिजममार्फत पोखराको पर्यटन माथि उकास्न सघाउँछ।'

नेपालका लागि चीनिया राजदुतावासका डिसिएम वाङसेनले यस्ता प्रतियोगिताका कारण नेपाल र चीनका जनता जनताबीच सम्बन्ध मजबुत बनाउन भूमिका खेल्ने बताए। पोखरा महानगरपालिकाका प्रवक्ता तथा पोखरा-२५ का वडाध्यक्ष मोतीराज तिमिल्सिनाले पर्यटनको राजधानी घोषणा भइसकेको पोखरामा हुने यस्ता प्रतियोगिताले सो घोषणालाई व्यवहारिक कार्यान्वयनमा सघाउने बताए।

# कालिका बहुमुखीको क्याम्पस सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक



कालिका बहुमुखी क्याम्पस पोखराको ३३ औ क्याम्पस सभा सम्पन्न भएको छ।

क्याम्पस सञ्चालक समतिका अध्यक्ष किरण के सी को अध्यक्षतामा भएको सभामा क्याम्पसका संरक्षक तथा पूर्व क्याम्पस सञ्चालन समितिका अध्यक्ष प्रेम कुमारी के.सीले कालिका एक शिक्षाको ज्योती रहेको र यसको प्रकाश देश विदेश सम्म फैलिएको बताए।

उनले ३३ वर्ष गुणस्तरीय शिक्षामा निरन्तरता दिएको क्याम्पस क्यूएएको प्रमाणपत्र प्राप्त गरेको र यसको निरन्तरताका लागि क्याम्पसलाई सहयोग गर्न प्रतिवद्ध रहेको जनाए। क्याम्पस सञ्चालक समितिका अध्यक्ष किरण के.सीले क्याम्पसले तीन दशकको अवधिमा क्याम्पसले जुन प्रगति र उन्नती गरेको छ यसका लागि क्याम्पसमा स्थायीत्व ज्यादै महत्वपुर्ण रहेको बताए। उनले सवैले आ-आफ्नो व्यक्तिगत स्वार्थ त्यागेर क्याम्पसलाई केन्द्रमा राखी यसको विकासका लागि अगाडी बढ्न उपस्थित सम्पूर्ण संरक्षक र सिनेटरहरुलाई अनुरोध गरे। उनले विगत जस्तै आगामी दिनमा हामी सवै एक भएर क्याम्सलाई यस क्षेत्रको प्रतिष्ठित क्यूएए प्रमाणपत्र प्राप्त सामुदायीक क्याम्पसको रुपमा स्थापीत गर्न सवैको सहकार्य र सर्मथन रहने विश्वास व्यक्त गरे।

सभामा आर्थिक वर्ष २०८०/०८१ को आर्थिक प्रतिवेदन र आ. व २०८१/०८२को प्रस्तावित बजेट सभामा छलफल पछि पारित भएको छ। क्याम्पस प्रमुख बिरन्जी गौतमले प्रस्तुत गरेको २०८०/०८१ को वार्षिक प्रगती प्रतिवदेन र प्रस्तावित नीति तथा कार्यक्रम अनुमोदन भयो।

सभाले पोखरा उद्योग वाणिज्य सघका नव निर्वाचीत अध्यक्ष गोकण कार्कीलाई सम्मान गरिएको थियो।

सभामा सस्थापक सदस्य डा. चन्द्र बहादुर गुरुङ, पूर्व क्याम्पस प्रमुख बालाकृष्ण शर्मा, सिनेटर गणेश पौडेल, मिन बहादुर गिरी लगाएतले क्याम्पसलाई दक्ष र बजारले माग गरेका कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताए।

कार्यक्रम सहायक क्याम्पस प्रमुख शालिकराम तिमिल्सिनाले सञ्चालन, स्वागत क्याम्पस संचालक समितिका उपाध्यक्ष तथा पो म न पा वडा नं १४ का वडा अध्यक्ष वोध बहादुर कार्की र निर्वतमान क्याम्पस प्रमुख रबिन्द्रनाथ वास्तोलाले धन्यवाद मन्तव्य व्यक्त गरे।

# पोखरा ...

बोल्दै पोखरा एभेन्जर्सका अध्यक्ष सुवोध त्रिपाठीले क्रिकेट खेलको नेपालमा राम्रो सम्भावना देखेर यसलाई आफुहरुले उद्योगको रुपमा अघि बढाउन लागेको बताउनु भयो। नेपाल प्रिमियर लिगले नेपाली क्रिकेटको भविष्य देखाउने हुदा आफुहरुले गण्डकी प्रदेशका प्रतिभावान क्रिकेट खेलाडीहरु बाहिर ल्याउन गण्डकी टेयालेण्ट हन्ट समेत आयोजना गर्ने उहाँले बताउनु भयो। पोखरा एभेन्जर्सले यूवा खेलाडी उत्पादन गर्दै व्यवसायिक क्रिकेटलाई अघि बढाउन उद्योगको रुपमा स्थापित गर्ने अध्यक्ष त्रिपाठीले बताउनु भयो।

हाल यस खेलको क्षेत्रमा लागे पछि नाफा घाटाको कुरा नगर्ने समयले आफुहरुले अपेक्षा गरेको नतिजा आफनो पक्षमा पर्ने उहाँदले बताउनु भयो। उहाँले भन्नु भयो "हामी व्यवसायिक क्रिकेट खेलको विकास होस भन्ने चाहन्छौं, हामी अहिले नाफा र घाटाको कुरा गर्दैनौं, यो हाम्रो उद्योगको रुपमा बिकास गर्न चहान्छौं।" कुनै पनि व्यवसाय वा उद्योग स्थापित हुन समय लाग्ने उहाँको भनाई थियो।


क्रिकेट मार्फत पर्यटन प्रवर्द्धन संगै जलवायु परिवर्तन र हिमाली जनजिवनका देखा परेका असरहरुलाई विश्वसामु पुर्याउन आफुहरुले चाहेको अध्यक्ष त्रिपाठीले बताउनु भयो। टिमका सल्लाहकार परामर्शदाताको रुपमा रहनु भएको लिजेन्ड क्रिकेटर जोन्टी रोड्सले पोखरा एभेन्जर्स संग जोडिन पाउँदा खुसीलागेको बताउँदै पोखरा क्रिकेट रंगशाला विश्वकै उत्कृष्ट रंगशाला भएको बताउनु भयो।

पोखरा एभेन्जर टिमलाई उत्कृष्ट बनाउने गरी आफ्नो वलवुताले भ्याएसम्म मेहनत गर्ने उहाँले जनाउनु भयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# टिकटक नेपालमा दर्ता

सामाजिक सद्भाव खल्बल्याएको भन्दै नेपाल सरकारले टिकटकलाई प्रतिबन्ध लगाएको एक वर्षपछि बैधता दिएको छ । नेपाल सरकारले राखेको शर्त पूरा गरेपछि सामाजिक सञ्जाल एवं भिडियो प्लेटफर्म टिकटक औपचारिक रूपमै नेपालमा सूचीकृत भएको छ ।

टिकटकका प्रतिनिधि उपस्थित भएर मङ्गलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सूचीकृत भएको प्रमाणपत्र लिएका छनानेपाल सरकारले दर्ता हुन गरेको आग्रह टिकटक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता गजेन्द्रकुमार ठाकुरले आवश्यक कागजपत्र बुझाएर मन्त्रालयको समन्वय शाखामा टिकटक सूचीकृत भएको जानकारी दिएका छन् । मन्त्रालयका प्रबक्ता ठाकुरका अनुसार टिकटक सूचीकरणको विषयमा तिहारअघि नै निर्णय भएको थियो । टिकटकका तर्फबाट नेपाल सरकारसँग परामर्शका लागि दक्षिण एसिया हेर्ने प्रतिनिधि आएका थिए ।

सरकारले राखेका चार सर्त पालना गर्ने टिकटकको प्रतिबद्धता आएको छ । साथै टिकटकले करदाता नम्बर र पान नम्बर लिइसकेको छ । २०८० कात्तिक २७ गते 'सामाजिक सद्भाव खलबल्याएका' विषयलाई दृष्टिगत गरी सरकारले टिकटकलाई नेपालमा प्रतिबन्ध गरेको थियो । सरकारले २०८१ भदौ ६ गते ससर्त टिकटक प्रतिबन्ध हटाउने निर्णय गरेको थियो । टिकटकको दक्षिण एसिया हेर्ने टोलीसँगको संवादपछि भदौ १९ गतेदेखि औपचारिक रूपमा टिकटक खुलेको हो ।

सहसचिव ठाकुरका अनुसार सरकारले राखेका चारै सर्त टिकटकले मानेको छ । उहाँले भन्नुभयो, "टिकटकले सम्पर्कविन्दु तोकेको छ । टिकटकमार्फत हुन सक्ने साइबर अपराध अनुसन्धानमा सघाउने प्रतिबद्धता आएको छ । यसका लागि टिकटकले साइबर ब्युरोलाई आवश्यक उपकरण उपलब्ध गराएको छ ।" उहाँले टिकटकका सामग्रीलाई व्यवस्थित गर्ने सन्दर्भमा पनि प्रतिबद्धता आएको छ । उहाँले 'कन्टेन्ट फिल्टर' गर्ने व्यवस्था सिङ्गापुरमा भएकाले त्यहाँ नेपालीलाई आबद्ध गर्ने सन्दर्भमा टिकटक सहमत भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले नेपालमा चल्ने टिकटकको कन्टेन्ट फिल्टर गर्न नसकेमा साइबर ब्युरोको समन्वयमा टिकटकले दुई दिनमा सामग्री हटाउने गरी समझदारी भएको छ ।"


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेरेसो लेखनाथ उपशाखाको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

पोखरामा देखिएको रगतको अभावलाई मध्यनजर राख्दै नेपाल रेडक्रस सोसाइटी पोखरा-२७ लेखनाथ उपशाखाले राखेको खुल्ला रक्तदानमा ३१ युनिट रगत संकलन भएको छ ।

रक्तदान जिवन दान जिवन दान महादान भन्ने मुल नाराका साथ आयोजना गरिएको रक्तदान कार्यक्रमका पहिलो रक्तदाता सुस्मिता खड्कालाई ब्लग ब्याग हस्तान्त्रण गर्दै पोखरा महानगरपालिका वडा नं २७ का वडाअध्यक्ष पुर्ण कुमार गुरुङले रेडक्रसले मानवताको सेवाका लागि गरेको कामलाई समाजको तल्लो तहसम्म पुऱ्याउदै हरेक मानिसमा सामाजिक भावनाको विकास गराउनु पर्ने सुझाव राखेका थिए । सोही अवसरमा रक्तसंचार केन्द्र पोखराका वरिष्ठ प्राविधिक महेन्द्र के शी, लेखनाथ उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा, सामुदायिक सेवा केन्द्र लेखनाथकी अध्यक्ष गंगा खनाल, लेखनाथ खानेपानी उपभोक्ता सस्थाका अध्यक्ष मुरारी शर्मा, राईजिङ स्टार युवा क्लवका अध्यक्ष यम गुरुङ,छिमेकी टोल विकास सस्थाकी अध्यक्ष पार्वती भटराई लगाएतले रक्तदानको महत्व र यसले शारिरमा पार्ने सकरात्मक प्रभावका बारेमा जानकारी गराएका थिए । उपशाखाका सभापति तिलकशालिि सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य शिवमोहन अधिकारीले सात शिध्यान्त, उपसभापति नारायणी भटराई रक्षाले धन्यवाद ज्ञापन र सचिव गोपालमणि लामिछानेले कार्यक्रम संचालन गरेका थिए ।

# हिमाली जिल्लामा पनि छठ पर्व मनाइयो



पोखरापत्र संवाददाता
म्याग्दी, २२ कार्तिक

हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी बजारमा आज छठ पर्व मनाइएको छ । म्याग्दीमा बसोबास गर्ने तराइबासी नेपाली र भारतीय नागरिकले छठ पर्व मनाएका हुन् ।

बेनी नगरपालिका-८ स्थित कालीगण्डकी नदी किनारमा मिथिलाञ्चलबासीले आज साँझ छठी देवीको पूजाआजा र नदीमा गएर अस्ताउँदो सूर्यलाई अर्घ्य दिए । प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने छठ पर्वले धार्मिक र सामाजिक सद्भावको सन्देश दिएको छ । उनीहरुले भोलि उदाउँदो सूर्यलाई अर्घ्य दिनेछन् । नुहाइ धुवाई शुद्ध बस्त्र लगाएर ब्रत बस्ने गरिएको बेनीमा व्यवसाय गर्दै आउनुभएका सञ्जय ठाकुरले बताउनुभयो । नाइलो, कनसुप्ती, ढकना, सरबालगायतका प्रसाद लिएर नदी किनारमा उभिएका उनीहरुले सूर्यलाई अर्घ्य चढाएका थिए ।

उनीहरुले ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती, फर्सी, सिंगारा, पान, सुपारी, धूप, दीप, अरतक, पात, चना आदीको प्रसाद बनाएर चढाएका थिए । छठ मनाउन जम्मा भएका मिथिलाञ्चलबासीलाई बेनीमा बसोबास गर्ने अन्य समुदायले शुभकामना दिएका थिए ।

म्याग्दीमा विस २०७७ देखि छठ मनाउन सुरु गरिएको हो । सरकारले २०७६ साल फागुनमा म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरेको थियो ।

# लुक्लामा एकैदिन १८४ उडान

रासस
काठमाडौं, २२ कार्तिक

सोलुखुम्बुको तेन्जिङ हिल्लारी विमानस्थल लुक्लामा बिहीबार एकैदिन एक सय ८४ वटा हवाई उडान भएको छ । उक्त विमानस्थलमा हेलिकप्टररजहाज गरी एक सय ८४ वटा उडान भएको नेपालनागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ ।

कार्यालयका प्रमुख उमेश पन्थीका अनुसार मौसम खुलेसँगै बिहीबार हेलिकप्टरले एक सय ५२तथा जहाजले २३ वटा उडान भरेका हुन् । जहाजको उडानमा तारा एयरलाइन्स र समिट एयरलाइन्सले १२/१२ उडान तथा सीता एयरलाइन्सले आठ वटा उडान भरेको प्राधिकरण प्रमुख पन्थीले बताउनुभयो । बिहीबार हवाई सेवाबाट मात्रै तीन सय ९६ जना विदेशी र एक सय ३६ जना नेपाली गरी कूल पाँच सय ३२ जना पर्यटक लुक्ला भित्रिएका जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त सङ्ख्यामा पर्यटक भिज्दा तीन सय ३६ जना विदेशी र एक सय २६ जना नेपाली गरी कूल चार सय ६२ जना पर्यटक हवाई सेवामार्फत लुक्लाबाट बाहिरिएका छन् । नाम्चेबाट आज चार सय ७५ जना विदेशी पर्यटक उकालो लाग्दा तीन सय तीन विदेशी पर्यटक फर्किएको प्रहरीको तथ्याङ्क छ । "सगरमाथा क्षेत्र आउने पर्यटक अहिले पनि उत्साहजनक नै मान्नुपर्छ तर चिसो मौसम सुरु भएकाले फर्किनेक्रम पनि त्यतिकै रहेको छ", सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले भन्नुभयो ।

चिसो सुरु भएसँगै खुम्बुबाट बाहिरिने पर्यटक बढ्दै गएको छ । मङ्सिर मध्यसम्म मात्रै पर्यटक याम चल्ने भएकाले भित्रिनेसँगै बाहिरिनेको सङ्ख्या पनि उत्तिकै रहेको सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चे सोलुखुम्बुले जनाएको छ ।

# देउसीभैलोबाट क्याम्पसलाई ४० लाख सहयोग जुट्यो



पोखरापत्र संवाददाता
म्याग्दी, २२ कार्तिक

ग्रामीण क्षेत्रमा समुदायस्तरबाट सञ्चालन भएको मङ्गला शिक्षा क्याम्पसले अक्षयकोष स्थापनाका लागि तिहार पर्वको अवसरमा सञ्चालन गरेको देउसीभैलोबाट रु ४० लाख सहयोग जुटेको छ ।

मङ्गला गाउँपालिका-२ बाबियाचौरको लाम्पाटामा रहेको क्याम्पसले सेवा क्षेत्रमा तिहारको अवसर पारेर देउसीभैलो कार्यक्रमबाट जुटेको उक्त रकम अक्षयकोषमा बचत गर्ने जनाएको छ । क्याम्पस सञ्चालक समितिका अध्यक्ष यामबहादुर थापाले बुधबारसम्म देउसीभैलोबाट रु ४० लाख सहयोग जुटेको जानकारी दिनुभयो । "रु दुई करोडको अक्षयकोष स्थापना गर्ने लक्ष्यसहित सञ्चालन भएको अभियानमा देउसीभैलोसहित हालसम्म रु ५३ लाख जुटेको छ । गाउँलेले पेन्सन, छोराछोरीको कमाई र बचतबाट खुलेर सहयोग गर्नुभएको छ", उहाँले भन्नुभयो ।

देउसीभैलोमा अमेरिका र बेलायतमा रहेका बाबियाचौरका एकैघरका दिदीबहिनी क्रमशः डा रेखा रोका, डा रञ्जना रोका र डा स्वस्ती रोकाले रु एक लाख ९२ हजारका दरले रु पाँच लाख ७६ हजार सहयोग गर्नुभएको छ ।

उहाँहरू मङ्गला गाउँपालिका अध्यक्षसमेत रहनुभएका क्याम्पसका सम्मानार्थ संरक्षक सत् प्रसाद रोका र क्याम्पस सञ्चालक समितिकी उपाध्यक्ष एवम् आर्थिक सङ्कलन उपसमिति संयोजक यसोदा रोकाका छोरी हुनुहुन्छ । देउसीभैलोका क्रममा रोका दिदी बहिनीबाट सबैभन्दा धेरै सहयोग प्राप्त भएको क्याम्पस प्रमुख प्रितमबहादुर खत्रीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "रोका परिवारबाट क्याम्पसका लागि हालसम्म रु १४ लाख एक हजार ५० सहयोग प्राप्त भएको छ । घरायसी समस्याले सहर बजारमा गएर पढ्न नसकेका छोरी बुहारीलाई वरदान नै बनेको क्याम्पसले गरेको शैक्षिक तथा भौतिक सफलताको सन्देश सुनाउँदै आर्थिक स्रोत जुटाउन अभियान चलाएका छौँ ।" मङ्गलामा रहेका तीन हजार सात सय घरबाट स्वदेश तथा विदेशमा रहेकालाई प्रत्यक्ष तथा 'भर्चुअल' माध्यमबाट कोषमा सहयोग जुटाउने लक्ष्य पूरा नहुँदासम्म अभियान जारी राख्ने क्याम्पसले जनाएको छ । अक्षयकोषको ब्याजबाट पूर्णकालीन प्राध्यापकलाई तलब, गुणस्तर सुनिश्चितता तथा प्रत्यायण प्रमाणपत्र (क्यूएए) प्रक्रियाका लागि पूर्वाधार तयार गर्न, गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न, क्याम्पस र समुदायको सम्बन्ध बलियो बनाउन देउसीभैलो खेलेको जनाएको छ । रु १२ लाख सहयोग गर्नेलाई संरक्षक, रु सात लाख सहयोग गर्नेलाई सम्मानार्थ संरक्षक, रु एक लाख सहयोग गर्नेलाई आजीवन सदस्य, रु ५० हजार सहयोग गर्नेलाई वरिष्ठ सदस्य र रु ५० हजारभन्दा कम सहयोग गर्नेलाई क्याम्पससभा सदस्य प्रदान गर्ने क्याम्पसले जनाएको छ ।

म्याग्दीको पश्चिम क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरी गाउँपालिकाका कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई सदरमुकाम वा जिल्लाबाहिर थप अध्ययनका लागि जानुपर्ने बाध्यात्मक अवस्था अन्त्य गर्न क्याम्पसको पूर्वाधार अभियानमार्फत सङ्कलित आर्थिकबाट बाबियाचौरकै लाम्पाटामा ३३ रोपनी जग्गासमेत खरिद गरी क्याम्पसको भवन, प्रशासनिक भवन, छात्रावाससहितको संरचनासमेत बनेको छ । हाल यहाँ शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तहमा दुई सय ४० जना विद्यार्थी अध्ययनरत छन् ।

# स्वाबलम्बी सहकारीको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २२ कार्तिक

पोखरा महानगरपालिका वडा न १७ स्थित स्वाबलम्बी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९ औं वार्षिक साधारण सभा बिहीवार सम्पन्न भएको छ ।

साधारण सभाको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । पौडेलले सहकारी भनेको सहकार्यमा समृद्धिको खोजी बएको भन्दै जनताको समृद्धि सहित उन्नत राष्ट्र निर्माणमा केन्द्रित हुनुपर्ने उल्लेख गर्नुभयो । पौडेलले केही बेइमानीहरूका कारण क्षतबिक्षत सहकारीहरूको गतिविधिबाट पाठ सिकेर सुन्दर भबिष्य निर्माणको बाटोमा अघि बढ्न आग्रह गर्नुभयो । सहकारीहरू सहकारीका सात सिद्धान्तको जगमा इमान्दार र प्रतिबद्ध भए सबै सहकारी सफल हुने बताउनुभयो । पौडेलले निक्षेप संकलन सँगै संकलित पुजीको प्रभावकारी परिचालनमा ध्यान दिन आग्रह गर्नुभयो । कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष डाक्टर रामजी प्रसाद पोखेल, साना किसान सहकारी संस्थाका अध्यक्ष मुक्तिनाथ पोखेल, नमुना सहकारीका अध्यक्ष भोजराज पौडेल, लेखापरीक्षक रुद्रनाथ पौडेल, शेयर सदस्य मिनादेवि अधिकारी,इश्वरी प्रसाद पोखेल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो । सभाले अध्यक्ष भुपराजपोखेलले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८०/८१ बार्षिक प्रतिवेदनर कोषाध्यक्ष ओमप्रकाश लामिछानेले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिबेदन पारित गरेको छ । साधारण सभाले आगामी कार्यकालका लागि यादव प्रसाद पोखेलको अध्यक्षतामा नौ सदस्यीय नयाँ संचालक समिति निर्वाचित समेत गरेको छ । जसअनुसार उपाध्यक्ष ठाकुर प्रसाद पोखेल, सचीव लक्ष्मण पोखेल, कोषाध्यक्ष उपेन्द्र पोखेल र सदस्यहरूमा मीना अधिकारी जिम्बाल, माया कुमारी सुवेदी लामिछाने, भगवान पोखेल ,दूर्गा प्रसाद अधिकारी, खिमलाल गौतम निर्वाचित हुनुभएको छ ।

त्यसै गरि लेखा समिती संयोजकमा लिला प्रसाद पराजुली र लेखा समिति सदस्यमा दुर्गा कुमारी अधिकारी र सृजना अधिकारी निर्वाचित हुनुभएको छ । सो अवशरमा सहकारीका जेष्ठ सदस्यहरू लोकमाया पोखेल ,तोयनाथ अधिकारी र एस ई ई परिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने सेयर सदस्यका छोराछोरी अनुस्का देबि लामिछाने , दस जोड दुइमा उत्कृष्ट नतिजा हासिल गर्ने अन्जन पराजुली, गोपि अधिकारी तथा उत्कृष्ट कारोबार गर्ने कुल प्रसाद पौडेल ,उत्कृष्ट सेयर सदस्य शिक्षा पगेनी अधिकारीलाई सम्मान समेत गरिएको थियो । संस्थाका अध्यक्ष भुपराज पोखेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत संचालक समिति सदस्य माया कुवर लामिछाने र सहकारीका सिद्धान्त पाठ संचालक समिति सदस्य इन्दिरा लामिछानेले र संचालन सचिव रुद्रलाल सुवेदीले गर्नुभएको थियो ।

# 'नेपाली खानालाई विश्वमाझ फैलाउन आवश्यक'

रासस
काठमाडौं, २२ कार्तिक

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरीले नेपाली खानालाई विश्वमाझ फैलाउन आवश्यक भएको बताउनुभएको छ ।

यसका लागि नेपाली सेफ्सले महत्वपूर्ण भूमिका खेलेको उहाँले उल्लेख गर्नुभयो ।

सेफ्स एशोसिएसन अफ नेपालको २९औँ वार्षिक साधारणसभाको अवसरमा बिहीबार यहाँ आयोजित 'नेपाली मौलिक खानाको प्रदर्शन कार्यक्रममा राज्यमन्त्री चौधरीले नेपाली सेफ्सले विश्वमाझ नेपाली खाना चिनाउन खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो ।

"नेपाली संस्कृति, पहिचान र मौलिक खानाको विदेशसम्म प्रदर्शन गर्न नेपाली सेफ्सको भूमिको राज्यले कदर गर्नुपर्छ, सरकार यस विषयमा गम्भीर बन्छ", उहाँले भन्नुभयो । कार्यक्रममा सेफ्स एशोसिएसन अफ नेपालका अध्यक्ष रेशमबहादुर लामाले नेपाली सेफ्सको हकअधिकार र नेपाली खानाको अन्तर्राष्ट्रियस्तरसम्म प्रवर्द्धन गर्न एशोसिएसनले काम गरिरहेको बताउनुभयो । विसं २०५३ मा स्थापना भएको एशोसिएसनले 'वर्ल्ड सेफ्स सोसाइटी'मा आबद्ध भई नेपाली खानाको विदेशसम्म प्रचारप्रसार गर्दै आएको उहाँको भनाइ थियो ।

# सयपत्री फूलको बिक्रीबाट झण्डै पाँच लाख आम्दानी

पोखरापत्र संवाददाता
वालिङ, २२ कार्तिक

यहाँका एक किसानले दशैं तिहार अवधिमा सयपत्री फूल बिक्रीबाट रु पाँच लाख आम्दानी गर्नुभएको छ।

स्याङ्जाको चापाकोट नगरपालिका– १ बेलडाँडाका किसान तुल्सीराम भण्डारीले सयपत्री फूल तथा माला बिक्रीबाट पाँच लाख बढी आम्दानी गर्न सफल हुनुभएको हो। भण्डारीले दशैं तथा तिहारको अवधिमा माला एकहजार आठ सय ४५ गोटा र फूल एक हजार तीन सय ७६ केजी बिक्री गर्नुभएको हो। फूल बिक्रीबाट तीन लाख ४४ हजार र माला बिक्रीबाट एक लाख ४७ हजार ६०० गरी कूल चार लाख ९१ हजार ६०० आम्दानी गरेको उहाँले बताउनुभयो।

भण्डारीले फूलका थुङ्गा प्रतिकेजी रु दुई सय ५० देखि तीन सय र माला प्रतिगोटा रु एक सय ५० सम्म बिक्री गर्नुभएको हो। यहाँ उत्पादन भएको फूल तथा माला भैरहवा, नारायणगढ, बर्दघाटलगायतका बजार तथा स्थानीयस्तरमा पनि खपत भएको उहाँले बताउनुभयो। "माग भएअनुसार माला तथा फूल उपलब्ध गराउन सकेनौँ" उहाँले भन्नुभयो, "सयपत्रीको व्यावसायिक उत्पादन तथा बजारीकरणमा सहज भयो, बजार राम्रो पायौँ।" बोटमा फूल फूल्ने क्रम जारी रहेको र मङ्सिरको महिनाभर उत्पादन लिन सकिने उहाँले बताउनुभयो। यहाँ उत्पादन भएको फूलको माग भैरहवाबाट आएकाले केही दिनमै पठाउने तयारी भएको व्यवसायी भण्डारीका छोरा रामचन्द्र भण्डारीले बताउनुभयो। पेसाले कृषि प्राविधिक अध्ययन गर्नुभएका रामचन्द्रले फूलमा प्राविधिक पक्ष र बजारीकरणमा बुवालाई सघाउँदै आउनुभएको छ। "फूलका बोटबाट अझै उत्पादन लिन सकिन्छ" रामचन्द्रले भन्नुभयो, "अब उत्पादन हुनेमध्येको केही फूलको माग भईआएको र केही स्थानीयस्तरमा हुने विवाह, व्रतबन्ध, पूजाआजालगायतका धार्मिक तथा मेला महोत्सवहरूमा खपत हुने छ।" दशैं तिहारको अवधिमा फूलको व्यापारबाट झण्डै रु पाँच लाख आम्दानी भएको र अब बिक्री हुने फूलबाट झण्डै दुई लाख आम्दानी लिन सकिने दावी रामचन्द्रको छ। बाँदरले अन्नबाली नष्ट गरिदिएपछि भण्डारीले विकल्पकोरुपमा फूलखेती थाल्नुभएको हो। खेतबारीमा लगाएको अन्नबाली बाँदरले सखाप पारेपछि विकल्पकोरुपमा फूलखेती गर्नुभएका भण्डारीले यसवर्षदेखि सयपत्री फूलको व्यावसायिक उत्पादन थाल्नुभएको हो।

"विगतमा मकै, गेडागुडी, मौसमी तथा बेमौसमी तरकारीसहितका अन्नबाली उत्पादन गर्दै आएका थियौँ" उहाँले भन्नुभयो, "पछिल्ला वर्षमा बाँदरले अन्नबाली सखाप पार्न थालेपछि अन्नबाली लगाउन छाडेर विकल्पकोरुपमा फूल खेती थालेका हौँ।" दशैं, तिहारलाई लक्षित गरेर दुई हजार बिरुवा सयपत्री फूल रोप्नुभएको थियो।

स्थानीय जलपादेवी आधारभूत विद्यालयका प्रधानाध्यापकसमेत रहनुभएका भण्डारीले विकल्पकोरुपमा प्रयोग गरेको फूलखेतीमा बाँदरले क्षति नपुऱ्याएकाले आगामी वर्षदेखि अझै ठूलो परिमाणमा फूलको व्यावसायिक उत्पादन गर्ने तयारीमा रहनुभएको छ।

# गीत गाएरै बुवा, आमालाई विदेशबाट फर्काएका प्रकाश : 'लाहुर' जान हिडेका कलाकार बने

वासुदेव पौडेल
म्याग्दी, २२ कार्तिक/रासस



२०५८ सालको साउनमा अर्मनको खोलाखर्कमा रहेको घरजग्गा सबै पहिरोले सखाप बनाएपछि म्याग्दीको मङ्गला गाउँपालिका–५ का प्रकाश दुतराजका परिवार अस्थायी बसोबासका लागि सदरमुकाम बेनीमा झरेका थिए। गाउँमा खेतीकिसानी गर्ने उर्मीला र विदेश रहेका भक्तबहादुर दुतराजका पाँच छोराछोरी मध्ये दोस्रो सन्तान प्रकाश अर्मनबाट बेनी आउँदा आठ वर्षका हुनुहुन्थ्यो।

"परिवार ठूलो भएकाले बुवाको विदेशको कमाइ र आमाले ज्याला मजदुरी गर्दा समेत परिवार चल्न समस्या भएपछि मैले नौ देखि १२ कक्षा पढ्दा सम्म बेनीको एक कार्यालयमा मासिक रु. तीन हजार पाँच सय ज्यालामा साँझ/बिहान सरसफाइको काम गरेको थिए," उहाँले भन्नुभयो "१२ कक्षा पढ्दै गर्दा भाइ, बहिनीलाई मेरो जिम्मा लगाएर आमा पनि विदेश गएपछि ममाथि अझै जिम्मेवारी थपियो।"

सानै उमेरदेखि गीत रचना र गाउने गर्दै आएका प्रकाशले कक्षा १० पढ्दा साथीभाई र शुभेच्छुकहरुबाट सहयोग जुटाएर 'सिमसिम पऱ्यो पानी...' बोलको गित रेकर्ड गराउनुभएको थियो। बाध्यताले पढाईलाई भन्दा कमाईलाई प्राथमिकता दिनुपर्ने अवस्था आएपछि भाई बहिनीलाई गाउँ पठाएर वैदेशिक रोजगारको तयारीसँगै साँगितिक क्षेत्रमा अवसर खोज्न वि.स. २०७१ मा काठमाडौं छिरेका प्रकाशले दोहोरी साँझमा काम पाउनुभयो। "विदेशको चक्करमा काठमाडौं छिरेको म ज्यान पाल्नका लागि चार वर्ष छ महिना दोहोरी साँझमा काम गरे। दोहोरीसाँझ मेरा लागि गर्जो टार्ने थलो मात्र नभएर गित, संगित सिक्ने पाठशाला पनि भयो," उहाँले भन्नुभयो "दोहोरीको तलब र स्रोता दर्शकको 'टिप्स'बाट बचेको पैसाले आठ वटा गित बनाएपनि आर्थिक हिसाबले फाइदा भएन्।" विदेशको प्रयासमा वि.स. २०७४–७५ को डेढ वर्ष साँगितिक क्षेत्रबाट टाढिएका प्रकाशले आफन्त, शुभचिन्तक र साथीभाईको आग्रहमा सामाजिक विषयवस्तुसँग जोडिएर 'आरने', 'बैनी झ्यालैमा...', चोली मैलो भो..., बोलको गित बनाउनुभयो। आरनेले कृषि औजार निर्माण र मर्मतको काम गर्नेहरु, बैनी झ्यालैले प्रेम कथा र चोली मैलो भो स्कुले जिवनको झल्को दिने कथामा आधारित थियो।

साँगीतिक क्षेत्रबाट आर्थिक हिसाबले प्रगति गर्न नसकिने निष्कर्ष निकालेर विदेश जानका लागि बेनीको बैङ्कमा घरजग्गा धितो राखेर ऋण निकालेका प्रकाश २०७६ साल फागुनमा काठमाडौं पुगेर आधा पैसा 'एजेन्ट'लाई दिनुभयो। आधा पैसाले गाउँघरमा बुढापाकाबाट सुनेको यातायातको सुविधा नहुदाँ नुन लिन भोट र बटौली गएको कथामा आधारित भएर लेखेको 'घर कता हो बैनिको, लौन साहै मन पऱ्यो' भन्ने गीत रेकर्ड र म्युजिक भिडियो बनाउने प्रकाशको योजना थियो।

"अन्तिम भनेर 'घर कता हो बैनीको' भन्ने गीत रेकर्ड र म्युजिक भिडियो बनाएर युट्युमा राखेर घर आएको बेला कोरोना महामारी फैलिएपछि 'लकडाउन' भयो," प्रकाशले भन्नुभयो "गाउँमा आएको एक हप्तापछि इन्टरनेट भएको ठाउँमा गएर हेर्दा 'युट्युव'मा राम्रो भ्युज र धैरैले 'टिकटक' बनाएको देखेपछि सुखीको सिमा रहेन्। विदेश जाने योजना सफल नहुँदा निराश बनेको थिए। गित चल्न थालेपछि कला क्षेत्रमै संघर्ष गर्ने निधो गरे।" 'युट्युव'मा हालसम्म रु चार करोड बीस लाख ५६ हजार भन्दा बढी पटक हेरिएको यो लोक दोहोरी गीतमा अभिनय समेत गरेका प्रकाशलाई स्वरमा शान्तिश्री परियारले साथ दिनुभएको छ। प्रकाशका 'रिमै', 'रेशम', 'जुनमाया', 'मन भुल्छ', 'मै जाम्ला'को म्युजिक भिडियो 'युट्युव'मा एक करोड पटक भन्दा धेरै हेरिएका छन्।

गीत गाएरै बुवा, आमालाई विदेशबाट फर्काएर गाउँमा घर बनाएर राखेका प्रकाशले भाइबहिनीलाई पढाइमा सघाएका छन्। प्रकाशको परिचयसँगै सामाजिक र आर्थिक हैसियत फेरिएको छ। 'युट्युव' र स्वदेश तथा विदेशमा हुने 'स्टेज' कार्यक्रम उहाँको आम्दानीको स्रोत हो। प्रकाशका गीतमा प्रयोग भएका शब्द र संगित मात्र होइन् नृत्य पनि मौलिक र मनछुने किसिमका छन्। उहाँ गीतको शब्द रचना, गायन, संगित, निर्देशन र अभिनय आफै गर्नुहुन्छ। उहाँका म्युजिक भिडियोले मनोरञ्जनसँगै सन्देश पनि बोकेका छन्। मीठास शब्द र संगितले भरिएको गीतको भिडियोमा मार्मिक र अर्थपूर्ण दृष्य र कथा समेटिएका छन्। नेपालीपन भएका सिर्जना स्रोता–दर्शकले मन पराउने प्रकाशको अनुभव छ। "अहिलेका दर्शक हरेक दृश्यमा संगीत र कथा खोजिरहेका हुन्छन," उहाँले भन्नुभयो "हरेक गीतमा शब्द र संगीतसँगै कथा र दृश्यलाई आफ्नोपन दिलाउने प्रयास गरेको छु।" प्रकाश आफू हुर्केको गाउँ–समाज, त्यहाँको परिवेश, संस्कृतिलाई नै आफ्नो संगीतको धरातल मान्नुहुन्छ। सोही कारण उहाँका गीतमा गाउँ समाज, परिवेशका कथा पाइन्छ। अभाव, दु:ख, विभेद, गाउँ–समाज र परिवेशका कथालाई आफूले सिर्जनामा पस्किने प्रयास गरेको प्रकाशको भनाइ छ।

मनोरञ्जनको साथमा सन्देश तयार पारेको गीतको विषयमा आफ्नो टिममा छलफल र उनीहरुको सल्लाह सुझाव अनुसार संगित र म्युजिक भिडियो बनाउदा सफलता मिलेको उहाँले अनुभव सुनाउनुभयो। 'करिम' बोलको गितको म्युजिक भिडियोको कथा र केही दृष्यको विषयमा भएको विवादले उहाँले कमजोरीबाट पाठ सिक्ने अवसरका रुपमा लिनुभएको छ। गीत सुन्दा र म्युजिक भिडियो हेर्दा स्रोता दर्शकले मनोरञ्जनसँगै सन्देश पनि पाउनुपर्ने हिसाबले काम गर्नुपर्ने प्रकाशको भनाइ छ।

युवा विदेशिदा रित्तिएका गाउँघरको परिवेशमा आधारित भएर २०७८ सालको दसैँको छेको पारेर दुतराजले आफ्नै युट्युव च्यानलबाट सार्वजनिक गरेको 'जाम भो माइली...'को म्युजिक भिडियो हालसम्म दुई करोड १८ लाख १७ हजार पटक हेरिएको छ।

सुदूरपश्चिम र कर्णाली प्रदेशमा घुमन्ते जीवन बिताइरहेका लोपोन्मुख राउटे समुदायको जीवन शैली झल्काउने दृष्य समावेश गरिएको प्रेम कहानीमा आधारित 'रिमै'ले युट्युवमा सार्वजनिक भएको प्रकाशको सबैभन्दा धेरै 'भ्युज' पाएको छ। हालसम्म चार करोड ७७ लाख २९ हजार पटक हेरिएको रिमैको स्वरमा दुतराजलाई मेलिना राई र अभिनयमा केपीना गोतामेले साथ दिनुभएको छ।

डेढ महिनाअघि प्रकाशले सार्वजनिक गरेको 'रेशम' गीतको म्युजिक भिडियोमा बर्खामा लेकका बुकीमा तीन/चार महिना परिवारदेखि टाढा रहेर भेडा गोठमा बस्ने गोठालाको कथालाई प्रस्तुत गर्नुभएको छ। रेशम गीतको भिडियो युट्युवमा राखेको दुई महिनाको अवधीमा एक करोड ३४ लाख ७२ हजार भन्दा बढी पटक हेरिएको छ। सिर्जनाले पाएको तारिफ, स्रोता दर्शकको हौसलाले प्रकाशले लाहुरे बन्ने योजनाबाट विश्राम लिनुभएको छ।

# चौबिस वर्षपछि हरिबोधनी एकादशी मेलाको तयारी

पोखरापत्र संवाददाता
बागलुङ, २२ कार्तिक

कुनै समय एकादशीको दिन बागलुङस्थित निरयघाटको कालीगण्डकी किनारामा लाग्ने हरिबोधनी एकादशी मेला २४ वर्षयता भने सञ्चालनमा छैन। त्यसताका उक्त मेलामा हजारौँको भिड लाग्ने गर्दथ्यो।

किनमेल तथा भेटघाटका लागिसमेत उक्त मेला प्रसिद्ध थियो। हजारौँले नागरिकले डोलामा तोरण बोकेर मेलामा लगिने र मेलाको अवसरमा कालीगण्डकीमा तार्ने परम्परा धेरैको आकर्षणको केन्द्र थियो तर शान्ति सुरक्षा र द्वन्द्वका कारण २४ वर्षयता मेला हुनसकेको छैन। पछिल्लो सयम भने यहाँका स्थानीय अगुवाहरूले मेला आयोजना गर्न चासो देखाएका छन्। त्यसका लागि हरिबोधनी एकादशी मेला संरक्षण समिति गठन गरिएको छ। उक्त समितिका अध्यक्ष रमेश राजभण्डारीले औपचारिक रूपमा करिब २४ वर्षसम्म रोकिएको मेला यस वर्षबाट सुनः सञ्चालन गर्ने गरी तयारी सुरु भएको जानकारी दिनुभयो। उहाँले यही कात्तिक २७ गते कालीगण्डकी किनार निरयघाटमा हरिबोधनी एकादशी मेला लाग्ने बताउनुभयो।

"विसं २०५७ सालमा जिल्ला प्रशासनले नै शान्ति सुरक्षाको चुनौती देखाएर मेला बन्द गरेपछि त्यसयता उक्त स्थानमा मेला लाग्न सकेको छैन। एकादशीको दिन कालीगण्डकीमा नुहाउन जाने परम्परा रहे पनि संस्थागत रूपमा मेला सञ्चालन हुननसकेपछि पहिलेकै अवस्थामा मेला आयोजना गर्ने हाम्रो योजना छ। त्यसका लागि बुधबारबाटै कालीगण्डीमा तान्ने तोरण बाट्न सुरु गरिएको छ, उक्त दिन व्यक्तिगत रूपमा समेत तोरण लिएर आउन आग्रह गरिएको छ। बाबियो र कुशबाट बनाइने तोरण एक सय ८ मिटरभन्दा बढी लामो हुनेछ। तोरणलाई वैदिक रूपमा निर्माण गरिनेछ", अध्यक्ष राजभण्डारीले भन्नुभयो।

विसं २०५७ सालअघि एक युवाको छुरा प्रहार गरी हत्या प्रयाससमेत भएपछि रातिमा लाग्ने मेला क्रमशः हराउँदै गएको जानकारहरू बताउँछन्। रातभर जाग्राम बसेर भजनकृतन गर्ने र बिहान कालीगण्डकीमा स्नान गर्ने, तोरण तान्ने र पूजाअर्चना गर्ने, किनमेल गर्ने हरीबोधनी एकादशी मेलालाई २४ वर्षपछि आयोजना गर्न विभिन्न उपसमितिसमेत गठन गरिएका छन्। आरती वाचक तथा गायक रमेश खड्काले पुर्खौंदेखि लाग्दै आएको मेला नेपालकै ठूलो मेलामध्येको एक रहे पनि पछिल्लो समय हराउँदै गएकामा सबै जनाको सल्लाहबमोजिम पुनः सुरु गर्न लागिएको सुनाउनुभयो। मेलाको अवसरमा कालीगण्डकी पुजन, कालीगण्डकी सरसफाइ र दीपसमेत प्रज्वलन गरिने छ।

यही २६ गते तोरणलाई बागलुङ बजारमा शोभायात्रासहित परिक्रमा गर्ने र २७ गते कालीगण्डकी नदी किनार निरयघाटमा तोरणसहित प्रस्थान गरिने योजना छ। मेला, धार्मिक पूजा, तोरण तान्नेलगायतका क्रियाकलाप सञ्चालन गर्न यस वर्षबाट सुरुआत गरिएको उद्योग वाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो।

आफ्नो धर्म, संस्कृति र परम्परालाई आगामी दिनमा पर्यटनसँग जोड्नका लागि मेलालाई २४ वर्षपछि निरन्तरता दिन थालिएको उहाँले बताउनुभयो। मेलाका लागि तोरण संयोजक, भजन संयोजक, आर्थिक व्यवस्थापन संयोजक, दिप संकलन, गङ्गा पूजन र सरसफाइलगायत कार्यक्रमका लागि उपसमितिसमेत गठन गरिएका छन्।

# प्लास्टिक झोलामुक्त अभियान: तीन सय ९१ किलो प्लास्टिक जफत

पोखरापत्र संवाददाता
दमौली, २२ कार्तिक

प्लास्टिक झोलामुक्त क्षेत्र घोषणा गरेको व्यास नगरपालिकाले बुधबार बजार क्षेत्रका पसलबाट तीन सय ९१ किलो प्लास्टिक झोला जफत गरेको छ।

नगरपालिकाले बजार अनुगमनका क्रममा उक्त परिमाणका प्लास्टिक झोला जफत गरेको हो। नगरपालिकाले गत जेठ १ गतेदेखि प्लास्टिक झोलामुक्त नगर घोषणा गरेको थियो। पालिकाले प्लास्टिक झोला प्रयोग गरेको सूचना दिनेलाई पुरस्कार दिने व्यवस्था पनि गरेको छ। दमौलीस्थित सृष्टि प्लास्टिक उद्योगबाट एक किलो, नसिम स्टोर्सबाट तीन किलो, महाकाली जनरल स्टोर्सबाट एक सय २९ किलो, सूर्य प्लास्टिक पसलबाट एक सय २३ किलो र ज्ञानमाला भाडा प्लास्टिक पसलबाट एक सय ३५ किलो प्लास्टिक झोला जफत गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। नगरपालिकाले प्लास्टिक झोला प्रयोगकर्ता, विक्रेता र उत्पादकलाई नगरपालिकको निर्णय विपरीत गरेमा जरिवानाको चेतावनी दिँदै जरिवाना रकम पनि तोकेको छ। प्लास्टिक झोला उत्पादकलाई पहिलोपटक रु दुई हजार, दोस्रोपटक रु चार हजार र तेस्रोपटक रु छ हजार जरिवाना गरिने नगरपालिकाका वन तथा वातावरण समितिका संयोजक रनसिं नेपालीले जानकारी दिनुभयो।

यसैगरी, नियम पालना नगर्ने विक्रेतालाई पहिलोपटक रु पाँच सय, दोस्रोपटक रु एक हजार र तेस्रोपटक रु तीन हजार जरिवाना तोकिएको छ। प्रयोगकर्तालाई भने पहिलोपटक रु दश, दोस्रोपटक रु ५० जरिवाना तोकिएको छ। नगरपालिकाले बजार क्षेत्रभित्र प्लास्टिक झोला प्रयोग नगर्न आग्रह गर्दै नगरका विभिन्न भागमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ।

# बाटो नबन्दा सरसफाइ केन्द्र सञ्चालनमा समस्या

पोखरापत्र संवाददाता
दमौली, २२ कार्तिक



जिल्लाको म्याग्दे गाउँपालिका–२ बहुपुरमा निर्माण गरिएको फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा कच्ची बाटो अवरोधका रूपमा देखिएको छ। फोहरमैला व्यवस्थापन केन्द्रसम्म पुग्ने बाटो कच्ची हुँदा समस्या भइरहेको छ।

गाउँपालिकाले गत पुस १७ गते केन्द्र सञ्चालनमा ल्याएको थियो तर बाटोको असुविधाका कारण केन्द्र सञ्चालनमा समस्या भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। अन्य समयभन्दा वर्षाका बेला त्यहाँसम्म सवारीसाधन पुग्न नसक्दा निकै समस्या भइरहेको उहाँले बताउनुभयो।

अधिकारीले चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट बाटो स्तरोन्नतिका लागि रु ४० लाख बजेट विनियोजन भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "उक्त बजेटमा गाउँपालिकाले पनि केही रकम थपेर बाटो स्तरोन्नति गर्नेछ, बाटो स्तरोन्नति भएपछि फोहरमैला सङ्कलन केन्द्र सञ्चालनमा समस्या आउँदैन।" २२ रोपनी आठ आना जग्गा खरिद गरी फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो। गाउँपालिकाले विसं २०७८ चैत ९ गते रु ३३ लाखमा जग्गा खरिद गरेको थियो। जग्गा खरिदलगायत केन्द्र निर्माणमा रु दुई करोड १५ लाख खर्च भएको गाउँपालिकाले जनाएको छ। फोहरमैला व्यवस्थापन केन्द्रका लागि रु २१ करोडको गुरुयोजना तयार भएको छ। सोअनुसार केन्द्रसम्म पुग्ने सडक कालोपत्र गर्न बाँकी छ। केन्द्र सञ्चालनमा आएसँगै बजार क्षेत्रका फोहर व्यवस्थापनमा सहज हुने विश्वास गरिएको छ। स्थानीय तहलाई फोहरमैला व्यवस्थापनमा सकस हुँदै आएकाले केन्द्र निर्माणपछि केही सहज हुने गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "अधिकांश स्थानीय तह त्यसमाथि पनि सहरीकरणको गतिमा बढेको पालिकालाई फोहरमैला व्यवस्थापनमा चुनौती हुँदै आएको छ। केन्द्र सञ्चालनपछि फोहरमैला व्यवस्थापनमा सहयोग पुगेको छ।" गाउँपालिकाको बजार क्षेत्रबाट सङ्कलन हुने कुहिने र नकुहिने दुवै प्रकारका फोहर उक्त व्यवस्थापन केन्द्रमा जम्मा गर्ने श्रेष्ठको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत अधिकारीका अनुसार करिब पाँच हजार घरधुरीबाट फोहरमैला सङ्कलन गरिनेछ। फोहर सङ्कलनका लागि टिप्परसमेत खरिद भइसकेको छ। गाउँपालिकाको आन्तरिक स्रोतबाट फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो। उक्त केन्द्र निर्माणको थालनी विसं २०८० वैशाख ३ गतेबाट भएको थियो। शुक्लागण्डकी नगरपालिका–४ स्थित लाहुरे काइला विल्डर्ससँग सम्झौता भई केन्द्र निर्माण भएको थियो।

गाउँपालिकाले हालै आयोजित गाउँसभाबाट वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन २०८० समेत पारित गरिसकेको छ।